# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, पुस १० गते २०५७ साल (संख्या ३६

## भाग ३

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले विशेष अदालत ऐन, २०३१ को दफा ३ र ५ ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिमको विशेष अदालत गठन गरी यो आदेश जारी गरेको छ ।

१. श्री मोहन प्रकाश सिटौला, न्यायाधीश, पुनरावेदन अदालत, राजविराज — अध्यक्ष

२. श्री ज्ञानेन्द्र बहादुर कार्की, न्यायाधीश, पुनरावेदन अदालत, इलाम — सदस्य

३. श्री जगन्नाथ पाठक, न्यायाधीश, पुनरावेदन अदालत, पोखरा — सदस्य

१. अधिकार क्षेत्रः

उपर्युक्त विशेष अदालतलाई देहायको ऐन अन्तर्गत सजाय हुने मुद्दा विशेष अदालत ऐन, २०३१ बमोजिम कारवाही र किनारा गर्ने गरी तोकेको छः–

(१) विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ अन्तर्गत सजाय हुने मुद्दा ।

(२) लागू औषध (नियन्त्रण) ऐन, २०३३ अन्तर्गत सजाय हुने मुद्दा ।

(३) जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ अन्तर्गत सजाय हुने मुद्दा ।

(४) राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६ अन्तर्गत सजाय हुने मुद्दा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. अधिकार क्षेत्रको ग्रहण : विशेष अदालतले यो सूचना नेपाल राजपत्रमा प्रकाशन भएको मितिले पन्ध्रौं दिनदेखि आफ्नो अधिकार क्षेत्रको ग्रहण गर्नेछ ।

३. मुकाम :

यस अदालतको मुकाम काठमाडौं उपत्यकाभित्र रहनेछ र यस अदालतले आफ्नो इजलास नेपाल अधिराज्यभित्र जहाँसुकै कायम गर्न सक्नेछ ।

आज्ञाले,
उदय नेपाली श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार
## अर्थ मन्त्रालयको-
## सूचना १

श्री ५ को सरकारले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी काठमाडौं करदाता सेवा केन्द्रका प्रमुख कर अधिकृत र कर अधिकृतहरुलाई मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० र ११ को कार्य समेत गर्ने गरी प्रमुख कर अधिकृत र कर अधिकृत तोकिएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना २

श्री ५ को सरकारले आर्थिक ऐन, २०५७ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल आयल निगमबाट आ. व. २०५७।०५८ को लागि आयात गरी बिक्री वितरण गरिने अन्तरराष्ट्रिय उडानको लागि चाहिने ४०,००० (चालिस हजार) किलोलिटर वण्डेड ए.टि.एफ. आयात गर्दा लाग्ने भंसार महसूल, मूल्य अभिवृद्धि कर र अन्य कर पूर्णरुपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 220